# वैदेशिक रोजगारीमा रहनु भएका समस्त नेपाली दाजु-भाइ, दिदीबहिनीहरूलाई उद्यमशीलता क्षमता विकास तालिम तथा परामर्श सम्बन्धी जानकारी

मातृभूमि, माता-पिता, परिवार, बन्धुबान्धव एवं आत्मीयजनदेखि टाढा, विरानो ठाउँमा, प्रतिकूल वातावरण र पराइको आदेशमा आफ्नो रगत पसिना बगाउनु पर्ने वाध्यताका साथ स्वजनको यादमा छटपटिरहनु भएका समस्त नेपाली दाजु-भाइ दिदी-बहिनीहरूमा अभिवादन ।
सामान्य चोटको पीडालाई गहिरो चोटले खाए जस्तै हातमुख जोड्ने समस्या, साहुको चर्को ब्याज, समाजमा भएका हुनेखानेका परिवारको ऐश-आराम जस्ता कुराले हाम्रो आफ्नो ठाउँमा पनि आम्दानी गर्ने धेरै उपायहरू र अवसरहरू छन् भन्ने तर्फ हाम्रो ध्यान नगई पराइ देशमा पुग्नासाथ पैसाको वर्षात हुन्छ भन्ने मृगतृष्णाले हामीलाई छोप्यो । परिणाम स्वरुप स्वजनदेखि धेरै टाढा विरानोको अरन-खटनमा पिल्सिन बाध्य भयौं ।

आफू जस्तो इमान्दार अरुलाई सम्झी दलालका कुराहरूमा विश्वास गर्नाले भनेको-सोचेको भन्दा प्रतिकूल परिस्थितिमा फस्नु परेको छ । कतिले त विरानो ठाउँमा मृत्युवरण गर्नुपरेको छ भने अर्को तर्फ कतिपयको पारिवारिक अवस्था पनि भताभुङ्ग भएको छ । घरमा रहेका पति र पत्नीको माया नपाउनु, प्रतिकूल वातावरणमा आधापेट खाएर कमाएको पैसा पनि आफ्नो प्रयोजनमा नआउनु जस्ता व्यथाहरूले कतिपयलाई सताइरहेको छ ।

कमाउनेको परिश्रमको अनुभूति नहुनाले विदेशवाट आएको पैसाको सही तरिकाले प्रयोग भएको छैन । कुटिल विचार भएका व्यक्तिहरूले परदेशीका परिवारलाई ललाई-फकाई पैसा लुट्ने काम पनि गरिरहेका छन् ।

विदेशी भूमिमा केही देखेर, बुझेर फर्किएका केही दाजु-भाइ दिदी-बहिनीहरूले आफ्नो ठाउँमा तरकारी खेती, फलफुल खेती, वस्तुपालन, पसल तथा अन्य सानातिना व्यवसाय गरेर पनि राम्रो आम्दानी गरिरहेका छन् । तर धेरै जसो विदेशबाट फर्केका मनमा परिश्रम गर्ने अठोट र हातमा सीप भएका व्यक्तिहरूलाई हाम्रै मुलुकमा प्रसस्त अवसरहरू छन् भन्ने ज्ञानको कमीले गर्दा ती अवसरहरू पहिल्याउन सकिरहेका छैनौं ।

यसै सन्दर्भमा, आफ्नै ठाउँमा आफ्नै परिवारसंगै रहेर समृद्ध बन्न चाहनेहरूलाई आवश्यक परामर्श दिने, प्राविधिक सीप तथा व्यवसाय गर्न सिकाउने र क्षमता अनुसारको व्यवसाय रोजी स्थापना तथा संचालन गर्न मद्दत गर्ने उद्देश्यले हामी विभिन्न क्षेत्रमा ३५-४० वर्ष सम्म अनुभव र दक्षता प्राप्त गरेका विज्ञहरूले सगरमाथा इन्स्टिच्युट फर टेक्नोलोजी एण्ड मेडिकल साईन्स (सिटाम्स्) र सेन्टर फर बिजनेस डेभेलप्मेन्ट (सिवड) भन्ने संस्थाहरू स्थापना गरी सहयोग गरिरहेका छौ । अत: विदेशमा पीडा बोकिरहेका दाजुभाइ- दिदीबहिनीहरूलाई स्वदेश फर्किन र स्वदेशमै विदेशमा भन्दा बढी आम्दानी गर्ने खालका आर्थिक क्रियाकलापमा संलग्न हुन अनुरोध गर्दछौं । साथै सक्नु हुन्छ भने विदेशमा आर्जन गरेको केही रकम बिउ पूँजीको लागि बचत गर्नुहोस् र आफुलाई इच्छा भएको व्यवसाय रोजी स्थापना तथा संचालन गर्न उद्यमशीलता क्षमता विकास तालिम लगायत आवश्यक पर्ने सम्पूर्ण सेवाका लागि हामीलाई सम्पर्क गर्नु हुन समेत अनुरोध गर्दछौं ।

***सम्पर्क ठेगाना :***

**सगरमाथा इन्स्टिच्यूट फर टेक्नोलोजी एण्ड मेडिकल साइन्स (सिटाम्स्) प्रा. लि.**
काठमाडौं महानगरपालिका वडा नं. ३०
सहिद मार्ग, ज्ञानेश्वर, काठमाडौं ।
फोन न : +९७७ १-४४२२०४३, +९७७ ९८४१३००८१७
भाइबर : +९७७ ९८४१३००८१७, +९७७ ९८४१२१९३५७, +९७७ ९८५१०५८४१६
इमेल : info@sitamsnepal.org.np
Website: www.sitamsnepal.org.np